# प्रेष विज्ञप्ती

मिति २०७२।७।२२

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको संयुक्त आयोजनामा ३७ नगरपालिकाका कार्यकारी अधिकृतहरुका लागि मिति २०७२।७।१५ देखि २०७२।७।२२ सम्म स्थानीय शासन तथा सेवा प्रवाह सम्वन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । नगरपालिकाको सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी, नतिजामुखी र सहभागितामूलक बनाउदै स्थानीय जनताको स्वामित्व र अपनत्वका लागि अपनाउनु पर्ने सैद्धान्तिक एवम् व्यवहारिक पक्षहरुमा जोड दिदै भवन सहिंता, सार्वजनिक निजी साझेदारी, श्रोत परिचालन, बजेट व्यवस्थापन, विद्युतीय शासन प्रणाली, सामाजिक परिचालन, सामुदायिक विकास, सार्वजनिक खरिद प्रक्रिया, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, कार्यसम्पादन सम्झौता, वित्तीय जोखिम न्यूनीकरण, सामाजिक सुरक्षा जस्ता पक्षहरु समावेश गरी क्षेत्रगत रुपमा मन्त्रालयका सह सचिवहरु र विषय विज्ञहरु बीचमा अन्तरक्रिया गरिएको थियो । उक्त अवसरमा मन्त्रालयको सहसचिवहरुले क्षेत्रगत रुपमा नगरपालिकाहरुको प्रभावकारी ब्यवस्थापन र नतिजामुखी कार्यसम्पादनका लागि कानूनी एवम् व्यवहारिक पक्ष माथि प्रकाश पार्दै नगरपालिकामा कार्यकारी अधिकृतको रुपमा सफल नेतृत्व प्रदान गर्न निर्देशन समेत दिनुभएको थियो ।

अभिमुखीकरणको दौरानमा नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीसँगको अन्तरक्रिया कार्यक्रममा वहाँले वर्तमानमा २१७ नगरपालिका विस्तार हुँदा औपचारिक रुपमा ४२ प्रतिशत नगरवासी र थप चलयामान हुने करिव १३ प्रतिशत जनतालाई नगरपालिकाको संरचनाबाट सेवा प्रवाह गर्नुपर्ने अवस्थामा नगरपालिकको स्थानीय नगर शासन पद्धति अझ प्रभावकारी रुपमा व्यवस्थापन गर्नुपर्ने, नगर क्षेत्रलाई सफा, सुग्गर र व्यवस्थित बनाउन  सरसफाइलाई पहिलो प्राथमिकताक्रममा राखी घरघरमा उत्पादन हुने जैविक फोहोरलाई स्थानीयस्तरमा घरघरमा नै व्यवस्थापन गर्न प्रोत्साहन गर्ने, नगरक्षेत्रमा जसले फोहोर उत्पादन गर्दछ त्यसैले कर तिर्नुपर्ने मान्यता बमोजिम फोहोर उत्पादन श्रोतमै नयाँ नगरपालिकाले कर लगाउने, आन्तरिक श्रोत परिचालन क्षमतालाई अझ वढि सुदृढ गर्दै करको दायरा र कर संकलन क्षमतालाई विस्तार गर्ने, नगरपालिकाको तर्फबाट निर्माण हुने सडक लगायतका भौतिक संरचनालाई गुणस्तरीय र दिगो बनाउने, नगरपालिकाको कार्यमा जनताप्रति अझ बढि उत्तरदायी बनी कार्यसम्पादन गर्ने, स्थानीय विकासमा नगरका स्थानीय नागरिकको स्वामित्व, सहभागिता र नेतृत्वको लागि वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र सामुदायिक संघसंस्थाको भूमिका बढाउदै लैजान निर्देशन दिनु भयो ।

उक्त अवसरमा संघीय मामिला तथा स्थानीय विकास सचिव श्री माधवप्रसाद रेग्मीले आगामी पौष ९ गते देखि १६ गतेसम्म राष्ट्रिय सरसफाई अभियानको सुरुवात महेन्द्र राजमार्गको मध्यविन्दूबाट गरि क्रमशः मुलुकको पूर्वमा झापा र पश्चिममा कञ्चनपुरसम्म सरसफाइ अभियान सञ्चालन गर्ने अभियानमा क्षेत्रगत रुपमा मन्त्रालयको सहसचिवले, जिल्लागत रुपमा मन्त्रालयका उप सचिवले नेतृत्व गर्ने भएकोले यस अभियानमा नेपालका सबै नगरपालिकाहरुले आधारभूत सरसफाइको प्रभावकारी व्यवस्थापन गर्दै यस अभियानलाई सफल बनाउन आवश्यक समन्वय, सहयोग र सहकार्य गर्न निर्देशन दिनु भयो । यस अवधिमा विशेषतः वातावरण मैत्री कार्यक्रम, घर सार्वजनिक क्षेत्र र सडकको सरसफाई, नगरपालिकाले वार्षिक सरसरफाई कार्यक्रमको घोषणा गर्ने तथा राजमार्गका हरेक नगरपालिकामा यी विषयहरुलाई समावेश गरी एक घण्टाको मञ्च कार्यक्रम सञ्चालन गर्न समेत नगरपालिकाका कार्यकारी अधिकृतहरुलाई थप निर्देशन दिनुभयो ।

कार्यक्रमको दौरानमा मन्त्रालयका सामान्य प्रशासन महाशाखा प्रमुख श्री धनवहादुर श्रेष्ठले कार्यसञ्चालनमा कुनै समस्या भएमा मन्त्रालयको महाशाखा/शाखामा सिधै सर्म्पक गर्ने, मन्त्रालयको पूर्वस्वीकृति विना जिल्ला नछाड्ने, जिल्ला छोड्दा प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउने तथा स्थानीय निकायको सम्पूर्ण भौतिक सम्पत्ति र कर्मचारीको विवरण अद्यावधिक गरी मन्त्रालयमा यथाशीघ्र पठाउने व्यवस्था गर्न निर्देशन समेत दिनु भयो ।

श्री रा.स.स.
आवश्यक प्रचार प्रसारका लागि प्रेषित ।

२०७२/७/२२

पूर्णचन्द्र भट्टराई
सह सचिव/प्रवक्ता
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
२०६९